**त्रिभुवन विश्वविद्यालय**
**कृषि र पशु विज्ञान अध्ययन संस्थान**
**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं, नेपाल**

**प.सं./च.नं.**

**कृषि/वागवानी ( B.Sc.Ag./ Hort.) स्नातक तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना।**

**प्रकाशित मितिः २०८१/०७/१४ गते।**

शैक्षिक वर्ष २०८१/०८२ का लागि यस अध्ययन संस्थान अन्तर्गत कृषि/वागवानी (B.Sc.Ag./Hort.) विज्ञान विषय सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थानका कार्यक्रममा नयाँ विद्यार्थी भर्ना गर्न मिति २०८१/०७/०७ गते प्रकाशित सूचना बमोजिम मिति २०८१/०७/१२ गतेको भर्नाबाट रिक्त हुन आए बमोजिमका कोटाहरुमा भर्ना हुन यस अध्ययन संस्थानको स्नातकोत्तर भवन, कीर्तिपुरमा तोकिएको मिति र समयमा उपस्थित हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तालिका नं.१: कृषि/वागवानी स्नातक तहमा भर्नाको कोटासम्बन्धी विवरण:**

| कोटा विवरण | वि.एस्सी.कृषि/वागवानी | | | | | |
|---|---|---|---|---|---|---|
| | लमजुङ | पक्लिहवा | रामपुर | गौरादह | नेपाली सेना | जम्मा |
| **मेरिट कोटा** | – | – | – | – | – | – |
| **छात्रा कोटा** | | | | | | |
| खुला | – | – | – | – | – | – |
| दलीत | – | – | – | – | – | – |
| मुस्लीम | – | – | – | – | – | – |
| **आदिवासी-जनजाती** | – | – | – | – | – | – |
| **मधेसी कोटा** | | | | | | |
| खुला | – | – | – | – | – | – |
| दलित | – | – | – | – | – | |
| **दलित कोटा** | – | – | – | – | – | – |
| **अपाङ्ग कोटा** | – | – | – | १ | – | १ |
| **मुश्लीम कोटा** | – | – | | – | – | – |
| **थारु कोटा** | – | – | १ | १ | १ | ३ |
| **दुर्गम जिल्ला कोटा** | – | – | – | – | – | – |
| **अन्य कोटा** | – | – | – | – | – | – |
| अ.सं. विकास शुल्क | – | – | १ | १ | २ | ४ |
| **एनेक्स** | १४ | १३ | – | – | – | २७ |
| **जम्मा** | १४ | १३ | २ | ३ | ३ | ३५ |

**१. भर्ना विधि :** शैक्षिक वर्ष २०८१/०८२ को लागि यस अध्ययन संस्थान अन्तर्गत सञ्चालित आंगिक क्याम्पस तथा संस्थानको मेरिट खुला, मेरित आरक्षण, अध्ययन संस्थान विकास शुल्क (IDF) र ANNEX कोटामा विद्यार्थी भर्ना काउन्सेलिङ विधिबाट गरिनेछ। तालिका नं. १ मा तोकिएको संख्या पूरानभएसम्म रोजेको क्याम्पसमा भर्ना हुन सोही दिन मात्र छनौटको अवसर दिइनेछ। उक्त दिन उपस्थित हुन नसकेमा अर्को काउन्सेलिङमा रिक्त रहेका कोटाहरुको लागि उपस्थित हुन सक्नेछन। भर्ना कार्यक्रम स्नातकोत्तर भवन, कीर्तिपुरमा सञ्चालन हुनेछ।

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं./च.नं.

तालिका नं. २ : भर्ना काउन्सेलिङको मिति र समय

| मिति | काउन्सेलिङको लागि आइपुग्नु पर्ने समय | काउन्सेलिङ समय | उपस्थिति हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| २०८१/०७/२१ | विहान १०:३० बजेभित्र | ११:०० बजेदेखि ११:१५ सम्म | मेरिट नम्बर ६५१ देखि माथि सबै र यस अघिका काउन्सेलिङमा समावेश नभएका विद्यार्थीहरु |

**२. भर्ना शुल्क सम्वन्धमा:**
भर्ना शुल्क काउन्सेलिङको दिनमा नेपाल बैंक लि., कीर्तिपुरमा यस अध्ययन संस्थानको "कृ.प.वि.अ.सं डीनको कार्यलय" नाममा रहेको खाता नं. "०४५००१००१०४०१९००००३" (**IAAS Dean's Office**, A/C no. "**04500100104019000003**) मा रु. **९,२५०।-** जम्मा गरी सोको सक्कल भाउचर बुझाउनु पर्नेछ ।

**कृषि तर्फ अध्ययन संस्थान विकास शुल्क** : IDF कोटामा भर्ना हुन IDF कुल शुल्क रु. २,५०,०००।- (दुई लाख पचास हजार मात्र) मध्ये प्रथम किस्ताको रकम रु. १,५०,००० (एक लाख पचास हजार मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ ।

**एनेक्स कोटामा भर्ना हुन** एनेक्स कार्यक्रम अर्न्तगत लाग्ने कुल शुल्क रु. ३,००,०००।-( तीन लाख मात्र) र भर्ना शुल्क रु. ९,२५०।- गरि जम्मा रकम रु. ३,०९,२५०।- भर्नाको दिनमा बुझाउनु पर्नेछ ।

मिति २०८१/०७/२१ मा भर्ना हुनेले मिति २०८१/०७/२३ गते ४:०० बजेसम्म तोकिएको कागजात र शुल्क बुझाउँनु पर्नेछ ।

**३. भर्नाको समयमा पेश गर्नु पर्ने सक्कल कागजातहरु:**

क. रकम जम्मा गरेको बैंक भाउचर ।–
ख. नेपाली नागरिकताको प्रमाणपत्र ।
ग. १०+२ वा प्रमाणपत्र तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक वा मुल प्रमाणपत्र) । १०+२ को Aggregate Transcript नभएको हकमा कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा ११ को Marksheet पनि पेश गर्नु पर्नेछ ।
घ. १०+२ वा सो सरहको स्थानान्तरण प्रमाणपत्र (Migration) वा TU registration card। स्थानान्तरण प्रमाणपत्र त्रि.वि. का आंगिक क्याम्पसमा वुझाइ सकेको भए सो क्याम्पसवाट स्थानान्तरण प्रमाणपत्र वुझि लिएको सक्कल पत्र ।
ङ. नेपाल बाहिरको शैक्षिक संस्थाबाट १०+२ वा सो सरह उत्तिर्ण गर्नेको हकमा समकक्षता (Equivalence) प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
च. आरक्षित कोटामा भर्ना हुन मुल सूचना अनुसारको निकायबाट जारी भएका आइडी कार्ड वा आवेदन फाराम भर्दा संलग्न गरेका सिफारिस पत्र ।

***द्रष्टव्य:*** *विद्यार्थी स्वयं आफु आउन नसक्ने अवस्थामा नागरिकताबाट नाता खुलेको व्यक्तिले प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ ।*

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

४. **रिक्त कोटामा भर्ना सम्वन्धमा :** नियमित भर्ना प्रक्रियाको समयमा कोटाहरु रिक्त भएमा (स्वैच्छिक वा तोकिएको समयमा कागजात/शुल्क नबुझाएको कारणले) उक्त कोटाहरु लमजुङ र पक्लिहवा क्याम्पसहरुको हकमा स्वत ANNEX कोटा र अन्य क्याम्पसहरुको हकमा IDF कोटा हुनेछ । उक्त रिक्त कोटाहरुमा भर्ना गर्दा भएको अन्तिम मेरिट क्रमाङ्क भन्दा पछाडीका विद्यार्थीहरुले मेरिट क्रम अनुसार अवसर पाउनेछन र रिक्त कोटा (३५ जना) पूरा भएमा मेरिट क्रममा पछाडि रहेका विद्यार्थीले अवसर पाउने छैनन् । मेरिट क्रमाङ्क ६८३ सम्म अवसर दिदाँ रिक्त कोटामा भर्ना पूरा नभएको खण्डमा काउन्सेलिङ्मा उपस्थित भएका विद्यार्थीहरुलाई समावेश गरी मेरिट क्रमाङ्क अनुसार भर्ना गरिने छ ।

.......................................

डा.किशोर चन्द्र दाहाल
नि. डीन एंव संयोजक
भर्ना समिति